## सेयर बजारमा इन्साइडर ट्रेडिङ
# १६ अर्ब दुरुपयोग भएको अर्थमन्त्रीकै आरोप

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ वैशाख



अर्थमन्त्री डा.स्वर्णिम वाग्लेले केही सीमित समूहले पुँजी बजारमा हेरफेर, इन्साइडर ट्रेडिङ तथा जनताको १५-१६ अर्ब रुपैयाँ दुरुपयोग गरेर अकुत सम्पत्ति आर्जन गरेको आरोप लगाएका छन् । मंगलबार अर्थ समिति बैठकमा अर्थमन्त्री वाग्लेले इन्साइडर ट्रेडिङ गरेर आर्थिक र राजनीतिक संस्थामाथि समेत प्रभाव जमाउने प्रयास भएको बताएका हुन् ।

उनले विगत केही वर्षमा वित्तीय तथा आर्थिक संस्थाहरू निश्चित व्यक्तिहरूको कब्जामा गएको कटु यथार्थ स्वीकार गर्नुपर्ने अवस्था रहेको बताए । अर्थमन्त्री वाग्लेले नेपालको पुँजी बजारलाई व्यावसायिक, पारदर्शी र विश्वस्तरीय मापदण्डअनुसार विकास गर्ने सरकारको लक्ष्य रहेको स्पष्ट पारे । उनले केही समूहले बजारमा कृत्रिम प्रभाव सिर्जना गरेर राजनीतिक नेतृत्वसम्म प्रभावित पार्ने अवस्था सिर्जना भएको बताए ।

'संस्थान र पुँजी बजारसम्बन्धी पनि धेरै रिफर्महरू गरिराखिएको छ । स्टक एक्सचेन्जको पुनः संरचनाका लागि गठन गरिएको एउटा समितिले जुन प्रतिवेदन दिएको छ, त्यसलाई हामी कार्यान्वयन गर्छौं । विगत केही वर्षमा यी संस्थाहरू केही व्यक्तिहरूको कब्जामा गएको यथार्थलाई पनि हामीले स्वीकार गर्नुपर्दछ ।' अर्थमन्त्री वाग्लेले भने, '१५ अर्ब, १६ अर्बको जनताको पैसाको अपचलन गरेर मार्केट म्यानिपुलेसन, इन्साइडर ट्रेडिङ गरेर अकुत सम्पत्ति जम्मा गरेर राजनीतिलाई प्रभावित गरेर केही प्रभावशाली नेताहरूलाई उनीहरूको गोजीमै राखेर देशका राजनीतिक संस्थाहरू त कब्जामा भए आर्थिक संस्थाहरू पनि कब्जा भएको छ । एउटा असाध्यै कटु यथार्थ थियो ।'

उनले स्टक एक्सचेन्ज पुनर्संरचनाका लागि गठन गरिएको समितिको प्रतिवेदन कार्यान्वयन गरिने जानकारी दिँदै सरकारले पुँजी बजारमा व्यापक सुधारको तयारी गरिरहेको बताए । राष्ट्रपतिमार्फत सार्वजनिक नीति तथा कार्यक्रममा समेत पुँजी बजारप्रति उदार नीति घोषणा भइसकेको उल्लेख गर्दै आगामी बजेटमार्फत त्यसलाई थप ठोस आकार दिइने उनको भनाइ थियो ।

उनले 'जेन-जी आन्दोलन'लाई परिवर्तनको महत्वपूर्ण कारकका रूपमा उल्लेख गर्दै त्यसले मुलुकलाई गलत दिशातर्फ जानबाट जोगाएको दाबी गरे । अहिले सरकार सुशासनलाई केन्द्रमा राखेर अघि बढिरहेको बताउँदै उनले प्रधानमन्त्रीको भनाइ उद्धृत गर्दै पहिलो वर्ष सुशासनको आधार निर्माणमा केन्द्रित हुने र त्यसपछि विकास निर्माणका काम स्वतः अघि बढ्ने धारणा व्यक्त गरे ।

## पाँच महिनामा एक लाखभन्दा बढी विदेशी नागरिक 'ट्र्याकिङ'मा




**काठमाडौं/मस–** अध्यागमन विभागले विदेशी नागरिक अनुगमन प्रणाली (एफएनएमआइएस) कार्यान्वयनको प्रगतिबारे समीक्षा गरेको छ । मंगलबार आयोजित छलफलमा हालसम्म होटल, एजेन्सी, आन्तरिक विमान कम्पनी र विदेशी नागरिकलाई सेवा प्रवाह गर्ने एक हजार ५४३ वटा सेवाप्रदायक यस प्रणालीमा आबद्ध भएको जानकारी विभागले दिएको हो । प्रणालीमा ९४ वटा होटल मात्र आबद्ध भएको र पनि जानकारी दिइयो । यसैगरी प्रणालीमार्फत करिब एक लाख २५ हजार यात्रुको अभिलेख संकलन भएको हो ।

उक्त प्रणाली सन् २०२६ जनवरी १ देखि काठमाडौंका तारे होटल र मार्च १ देखि विदेशी नागरिकलाई सेवा प्रवाह गर्ने सबै सेवाप्रदायकमा लागू भएको छ । विदेशी नागरिकको सुरक्षा, राष्ट्रिय सुरक्षा, विदेशी नागरिकको गतिविधिको अनुगमन तथा अपराध नियन्त्रण, मुलुक पर्यटकीय दृष्टिकोणले सुरक्षित छ भन्ने सन्देश दिने उद्देश्यले यो प्रणाली लागू गरिएको विभागका प्रवक्ता टीकाराम ढकालले बताए ।

सबै होटेल संघ र एसोसिएसनसँग नजोडिएका कारण प्रणालीमा आबद्ध हुने होटलको संख्या कम भएको, प्रणालीसम्बन्धी सचेतनाको कमी र साना होटल प्रणालीमा आबद्ध हुन नसकेका विषयमा पनि गम्भीर छलफल भएको उनले बताए । छलफलमा होटेलको अनुगमन गर्ने पर्यटन विभाग र विदेशी नागरिकलाई सेवा प्रवाह गर्ने सेवाप्रदायकका अनुगमनकारी निकायले अनुगमनमा तीव्रता दिने निर्णय भएको प्रवक्ता ढकालले जानकारी दिए ।

'होटेललगायत अन्य प्रकृतिका सेवा प्रदायकलाई प्रणालीमा आबद्ध गर्न विभिन्न स्थानमा सचेतना कार्यक्रम सञ्चालन गर्ने निर्णय भएको छ,' उनले भने, 'यो प्रणाली राष्ट्रिय सुरक्षाको विषय पनि भएकाले यस प्रणालीमा सबैलाई आबद्ध हुन विभागले अन्य उपायको खोजी गरिरहेको छ ।' छलफलमा गृह मन्त्रालय, नेपाल पर्यटन बोर्ड, पर्यटन विभाग, आन्तरिक राजस्व विभाग, होटल एसोसिएसन नेपाल, होटल व्यवसायी महासंघ, पर्यटक प्रहरीलगायत निकायको सहभागिता थियो । त्यसक्रममा आन्तरिक राजस्व विभाग, पर्यटन विभागबाट होटेललाई प्रवाह हुने सेवासँग प्रणालीलाई आबद्ध गर्ने र प्रणालीमा आबद्ध भएका होटलको सूची अध्यागमनको नेपाली पोर्टमा राखी भिसा आवेदन गर्दाकै बखत होटल छनोट गर्ने व्यवस्था लागू गर्नेलगायत विकल्पमा समेत छलफल भइरहेको छ ।

## नबिल निःशुल्क जलन शिविर, ८५ जनाले पाए उपचार तथा परामर्श



**काठमाडौं/मस–** दाङको घोराहीस्थित राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सञ्चालन भएको नबिल निःशुल्क जलन उपचार शिविरमार्फत ८५ जनाले उपचार तथा परामर्श सेवा प्राप्त गरेका छन् । नबिल बैंक लिमिटेड र राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको आयोजना तथा सुष्मा कोइराला मेमोरियल अस्पतालको सहकार्यमा यही वैशाख २५ देखि २८ गतेसम्म शिविर आयोजना गरिएको थियो । शिविरमा २५ जनाको शल्यक्रिया गरिएको बैंकले जनाएको छ । त्यसमध्ये जटिल किसिमका १२ जना बिरामीलाई काठमाडौं साँखुस्थित सुष्मा कोइराला मेमोरियल अस्पतालमा थप उपचारका लागि रिफर गरिएको छ ।

नबिल बैंकले काठमाडौंमा कार्यरत विशेषज्ञ चिकित्सकमार्फत विभिन्न प्रदेशका दुर्गम स्थानमा रहेका जलनसम्बन्धी बिरामीलाई निःशुल्क उपचार र परामर्श दिँदै आएको छ । जलनका घटनाका पीडितलाई तत्काल र विशेष हेरचाह आवश्यक पर्दछ । तर आफ्नै ठाउँमा जलन उपचार केन्द्र नहुँदा पीडितहरूले समयमै गुणस्तरीय उपचार नपाउने अवस्था छ । जलनका कारण पीडा भोगिरहेका व्यक्तिहरूलाई उपचार गरी उनीहरूको जीवनमा सुधार ल्याउने प्रयास स्वरूप शिविर आयोजना गरिएको बैंकको भनाइ छ ।

'नेपालमा जलनसम्बन्धी घटनाका पीडितले अभै पनि उचित उपचार नपाएर बस्नुपर्ने अवस्था छ, नबिल बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न प्रदेशका दुर्गम क्षेत्रमा रहेका जलनका बिरामीलाई लक्षित गरी शिविर सञ्चालन गरेको हो,' नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) मनोजकुमार ज्ञवालीले भने,'बैंकले चारवटा प्रदेशमा आयोजना गरेको जलन शिविरमार्फत स्रोतको अभावका कारण उपचारको पर्खाइमा बसेका दूरदराजका करिब पाँच सयजना बिरामीले निःशुल्क उपचार तथा परामर्श सेवा लिए ।'

बैंकले यसअघि सुदूरपश्चिम, कर्णाली र मधेश प्रदेशमा यसप्रकारका शिविर आयोजना गरिसकेको छ ।

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा जलनसम्बन्धी विशिष्ट प्रकारको सेवा उपलब्ध हुन नसकेको अवस्थामा शिविरले जलनका बिरामीलाई धेरै राहत पुऱ्याएको प्रतिष्ठानका निमित्त निर्देशक तथा सहप्राध्यापक डा. सुरेश रसाइलीले बताए ।

## यती एयरलाइन्सको सेयर निष्कासन तथा बिक्री प्रबन्धकमा एनआइएमबी एस क्यापिटल नियुक्त




**काडमाडौं/मस–** यती एअरलाइन्सले आफ्नो साधारण सेयरहरू प्राथमिक सार्वजनिक निष्कासनमार्फत सर्वसाधारणमा निष्कासन गर्नका लागि एनआइएमबी एस क्यापिटललाई धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकमा नियुक्त गरेको छ ।

आन्तरिक हवाई सेवा प्रदान गर्दै आइरहेको यती एयरलाइन्स नेपालका अग्रणी निजी हवाई सेवा प्रदायकमध्ये एक हो । कम्पनीले उच्च सुरक्षा मापदण्ड, विश्वसनीय सञ्चालन तथा गुणस्तरीय सेवामा विशेष जोड दिँदै देशका प्रमुख सहरी तथा दुर्गम गन्तव्यमा नियमित उडान सञ्चालन गर्दै आएको छ ।

साथै, नेपालको हवाई पहुँच विस्तार तथा क्षेत्रीय कनेक्टिभिटी सुदृढ गर्न कम्पनीले महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । धितोपत्र निष्कासनसम्बन्धी उक्त सम्झौतापत्रमा यती एयरलाइन्स लिमिटेडका तर्फबाट प्रमुख वित्त अधिकृत अनुप आचार्य र निष्कासन तथा बिक्री प्रबन्धकका तर्फबाट नायव प्रमुख कार्यकारी अधिकृत सचिन्द्र ढुंगानाले हस्ताक्षर गरेका हुन् ।

**धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, महेन्द्रनगर शाखाको २१ दिने सार्वजनिक सूचना ।।**

**(प्रकाशित मिति : २०८३/०१/३० गते)**

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखित ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८१ साल फागुन महिना १५ गतेको "मध्यान्ह" राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखीत सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखित धितोमा रहेको सम्पत्ती खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा यस बैंकको कुनै पनि शाखा कार्यालयमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिँदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीँ कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिलः**

| |
|---|
| **ऋणीको नाम, थर र ठेगाना :** |
| धनीराम दमाईको छोरी, मिरासी औजीको श्रीमती, कञ्चनपुर जिल्ला, भिमदत्त न.पा. वडा नं. ९ बस्ने **गंगा देवी औजी...१** |
| **व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :** |
| जुलाफ औजीको नाती, मिरासी औजीको छोरा, कञ्चनपुर जिल्ला, भिमदत्त न.पा. वडा नं. १८ बस्ने **सुरेश औजी...१** |
| नरवा औजीको नाती, जुलाफ औजीको छोरा, कञ्चनपुर जिल्ला, महेन्द्रनगर न.पा. वडा नं. ६ बस्ने **मीरासी आउजी...१** |
| **धितो सुरक्षणको विवरण :** |
| **गंगा देवी औजी**को नाममा मालपोत कार्यालय महेन्द्रनगर, कञ्चनपुरमा दर्ता श्रेस्ता कायम रहेको कञ्चनपुर जिल्ला, महेन्द्रनगर न.पा./गा.वि.स. वडा नं. १८ (नक्सा सिट नं. ०२०१४५८३) को कित्ता नं. ३४७४ को १६९ व.मि. क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा वन्देजहरू :**

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा शाखा कार्यालयबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. इच्छुक बोलपत्रदाताले सूचनामा उल्लिखीत चल/अचल सम्पत्ति मध्ये आफ्नो इच्छा अनुसार कुनै एक वा केही वा सबै सम्पत्तिको लागि बोलपत्र पेश गर्न सक्नु हुनेछ ।
३. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
५. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको ३:०० बजे प्रतिनिधिहरूको रोहबरमा प्राप्त बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
६. उल्लिखीत चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा महेन्द्रनगर शाखामा सम्पर्क गर्न सकिने छ ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
८. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
९. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र दाखिलक भइसकेपछि बोलपत्रमा उल्लिखीत रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
११. इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरूले **मिति २०८३ साल जेष्ठ महिना १९ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
१२. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

**लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :**
**मिति : २०८३ साल जेष्ठ महिना २१ गते ।**
**स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।**
**समय : दिनको ३:०० बजे ।**

सानिमा बैंक www.sanimabank.com
'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४५२८९६९, ईमेलः sanima@sanimabank.com

**नबिल बैंक लिमिटेड, धनगढी शाखा, कैलालीको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना**

**(प्रकाशित मितिः : २०८३/०१/३०)**

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता ब्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

| | तपसिल |
|---|---|
| १ | **ऋणी नाम र ठेगानाको विवरण** |
| | कन्तरे सिंहको नाति, सिंह बहादुर सिंहको छोरा, बझाङ्ग जिल्ला गडराय गा.वि.स वडा नं. ०९ स्थायी ठेगाना भएको **केशब बहादुर सिंह** (ना.प्र.नं. २८३५९ जारी मितिः २०६२/०५/२६ स्थान बझाङ्ग) । |
| | **ब्यक्तिगत र संस्थागत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण** |
| | १. कटक वहादुर सिंहको छोरी, सिंह बहादुर सिंहको बुहारी, केशब बहादुर सिंहको पत्नी, बझाङ्ग जिल्ला गडराय गा.वि.स वडा नं. ०९ स्थायी ठेगाना भएकी पुष्पा **कुमारी सिंह** (ना.प्र.नं. ७११०२८/२७२ जारी मितिः २०६८/०१/२२ स्थान बझाङ्ग) ।<br>२. प्राइभेट कम्पनी रजिष्ट्रेशन ऐन २०५३ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालयमा मिति २०५६-०२-२० मा प्रा.फ.र.नं १८८१२/०५८/५९ स्थानीय व्यापार अन्तर्गत दर्ता भएको **शमामा इन्टरनेशनल प्रा.लि ।**<br>ठेगाना : कैलाली जिल्ला धनगढी उ.म.न.पा वडा नं. ०३ । |
| | **धितोको विवरण** |
| | **सवारी साधनको विवरणः**<br>ऋणी **केशब बहादुर सिंह** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. सु.प.प्र.०१ ००२ त ५२७६ भएको Sonalika Tractor . |
| २ | **ऋणी नाम र ठेगानाको विवरण** |
| | हरिपाल सिंह धामीको नाति, मान वहादुर धामीको छोरा, दार्चुला जिल्ला गुल्जर गा.वि.स वडा नं. ०२ स्थायी ठेगाना भएको **गणेश सिंह धामी,** (ना.प्र.नं.७८३०१९/९९ जारी मितिः २०६३/१०/२८ स्थान दार्चुला ) । |
| | **ब्यक्तिगत र संस्थागत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण** |
| | १. मान वहादुर धामीको बुहारी, गणेश सिंह धामीको पत्नी, दार्चुला जिल्ला तपोवन गा.वि.स वडा नं. ०७ स्थायी ठेगाना भएकी **राजु धामी**, (ना.प्र.नं. ७२३०१८/१३७ जारी मितिः २०६८/०१/२२ स्थान दार्चुला) ।<br>२. प्राइभेट कम्पनी रजिष्ट्रेशन ऐन २०५३ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालयमा मिति २०५६-०२-२० मा प्रा.फ.र.नं १८८१२/०५८/५९ स्थानीय व्यापार अन्तर्गत दर्ता भएको **शमामा इन्टरनेशनल प्रा.लि ।**<br>ठेगाना : कैलाली जिल्ला धनगढी उ.म.न.पा वडा नं. ०३ । |
| | **धितोको विवरण** |
| | **सवारी साधनको विवरणः**<br>ऋणी **गणेश सिंह धामी** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. सु.प.प्र.०१ ००२ त ४९७१ भएको Sonalika Tractor. |
| ३ | **ऋणी नाम र ठेगानाको विवरण** |
| | तरि लोहारको नाति, खडके लोहारको छोरा, बाजुरा जिल्ला बाह्रबिस गा.वि.स वडा नं.०४ स्थायी ठेगाना भएको **महेन्द्र कुमार वि.क.**, (ना.प्र.नं. ७०-०१-७१-०१२७९ जारी मितिः २०७१/०८/१८ स्थान बाजुरा)। |
| | **ब्यक्तिगत र संस्थागत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण** |
| | १.खडके लोहारकी बुहारी, महेन्द्र कुमार वि.क.की पत्नी, बाजुरा जिल्ला बुढीगंगा गा.वि.स वडा नं. १० स्थायी ठेगाना भएकी **सुस्मा वि.क.,** (ना.प्र.नं. ७०-०१-७६-०१९०५ जारी मितिः २०७६/०५/१७ स्थान बाजुरा) ।<br>२. प्राइभेट कम्पनी रजिष्ट्रेशन ऐन २०५३ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालयमा मिति २०५६-०२-२० मा प्रा.फ.र.नं १८८१२/०५८/५९ स्थानीय व्यापार अन्तर्गत दर्ता भएको **शमामा इन्टरनेशनल प्रा.लि ।**<br>ठेगाना : कैलाली जिल्ला धनगढी उ.म.न.पा वडा नं. ०३ । |
| | **धितोको विवरण** |
| | **सवारी साधनको विवरणः**<br>ऋणी **महेन्द्र कुमार वि.क.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. सु.प.प्र.०१००२ त ५४६० भएका Sonalika Tractor. |

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः भगवतीबहाल, नक्साल, काठमाडौं, फोनः **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेलः **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादकः **मदनकुमार श्रेष्ठ** सम्पादकः **जनक नेपाल**